July 01, 2026

राष्ट्रीय समाचार

<u>मुख्य समाचार</u>

१. डिजिटल इन्डिया पहलले आज गर्यो एघार वर्ष पूरा

२. आजदेखि देशभर विकसित भारत जी राम जी ऐन लागू

३. सर्वोच्च अदालतद्वारा मोटर दुर्घटनामा वार्षिक आय आयकर रिटर्नको आधारमा दिशानिर्देश जारी

४. पुरुष क्रिकेटमा, भारतको टी-ट्वेन्टी अन्तर्राष्ट्रियमा इङ्ल्यान्डसँग खेल।

## PM-Digital India

प्रधानमन्त्री नरेन्द्र मोदीले, डिजिटल इन्डियाको एघार वर्षको कार्यकालले गरिब र विपन्न वर्गलाई सशक्त बनाएको र लाखौंको जीवन सहज बनाएको बताउनुभयो। यस पहलले प्रशासनलाई पुन: परिभाषित गरेको, नागरिकहरूलाई सशक्त बनाएको र सम्पूर्ण विकासलाई तीव्र बनाएको छ। डिजिटल इन्डियाले जीवनको हरेक पक्षलाई छोएको छ। सरकारको महत्वाकांक्षी डिजिटल इन्डिया कार्यक्रम आजको दिन दुई हजार पन्ध्रमा सुरु गरिएको थियो। त्यसबेलादेखि यसले नागरिकहरूले देशभर सार्वजनिक सेवाहरू कसरी जोड्ने, सिक्ने, कारोबार गर्ने र पहुँच गर्ने भन्ने कुरालाई आकार दिएको छ। हाम्रा

## Amit Shah-High level Committee

केन्द्रीय गृहमन्त्री अमित शाहले जनसांख्यिकीय परिवर्तनसम्बन्धी उच्चस्तरीय समितिलाई आफ्ना सिफारिसहरू छिटोभन्दा छिटो प्रस्तुत गर्न आग्रह गर्नुभएको छ। समितिले गृहमन्त्रीलाई जनसांख्यिकीय परिवर्तनहरूको बारेमा प्रत्यक्ष जानकारी प्राप्त गर्न र विभिन्न प्रशासनहरूसँग अन्तरक्रिया गर्न विभिन्न राज्य र केन्द्र शासित प्रदेशहरूको भ्रमण गर्ने जानकारी गराएको छ। उनीहरूले जनसांख्यिकीय परिवर्तनहरूसँग सम्बन्धित मुद्दाहरूमा प्रतिक्रिया सङ्कलन गर्न केन्द्रीय सरकारका मन्त्रालयहरूसँग पनि परामर्श गर्नेछन्।

## VB GRAM G

विकसित भारत जी राम जी ऐन, दुई हजार पच्चीस अन्तर्गत बढेको ज्याला आजदेखि देशभर लागू भएको छ। ग्रामीण विकास मन्त्रालयले जारी गरेको अधिसूचना अनुसार, सबै राज्य र केन्द्र शासित प्रदेशहरूमा ज्याला दर बढाइएको छ। मन्त्रालयले, कार्यक्रम अन्तर्गत कुनै पनि अधिसूचित ज्याला यो स्तरभन्दा तल नपरोस् भनेर सुनिश्चित गर्न, पहिलो पटक, प्रति दिन तीन सय रुपैयाँको अन्तरिम आधार ज्याला दर लागू गरिएको बताएको छ।

## Tripura CM

त्रिपुराका मुख्यमन्त्री डा. माणिक साहाले आज नयाँ दिल्लीमा केन्द्रीय सडक यातायात तथा राजमार्ग मन्त्री नितिन गडकरीसँग शिष्टाचार भेटघाट र छलफलपछि, केन्द्र सरकारले राज्यमा यातायात पूर्वाधारको विकासलाई महत्वपूर्ण महत्त्व दिइरहेको बताउनुभयो। मुख्यमन्त्रीले बैठक त्रिपुरामा जारी राष्ट्रिय राजमार्ग परियोजनाहरूको प्रगति, विभिन्न सडक परियोजनाहरूको कार्यान्वयनलाई तीव्रता दिने र नयाँ राष्ट्रिय राजमार्ग तथा यातायात पूर्वाधारको प्रस्तावहरूमा केन्द्रित रहेको बताउनुभयो।

## SC- Motor Compensation

सर्वोच्च अदालतले आज मोटर दुर्घटनामा मृत्यु भएका पीडित वा घाइते दावीकर्ताहरूको वार्षिक आय आयकर रिटर्नको आधारमा कसरी निर्धारण गर्ने भन्नेबारे दिशानिर्देशहरू तोकेको छ। शीर्ष अदालतले मोटर दुर्घटना क्षतिपूर्तिमा एकरूपता ल्याउने उद्देश्यले गरिएको एक महत्त्वपूर्ण फैसलामा, तलब पाउने व्यक्तिहरूको लागि, वार्षिक आय प्रदर्शन गर्न अघिल्लो वर्षको आयकर रिटर्न मात्र पर्याप्त हुने फैसला गरेको छ। यद्यपि, अदालतहरूले दुर्घटना हुनुभन्दा केही समय अघि पदोन्नति वा तलब संशोधन भएमा,  अथवा पछिल्लो रिटर्न पूर्ण रूपमा प्रतिबिम्बित नभएको अवस्थामा, पदोन्नति पत्रहरू र अन्य पुष्टि गर्ने वित्तीय रेकर्डहरू पनि विचार गर्न सक्नेछन्।

## Dwarka Expressway- Ashwini Vaishnav

सरकारले आज द्वारका एक्सप्रेसवेलाई नेल्सन मण्डेला मार्ग, दिल्लीको वसन्त कुञ्जसँग जोड्ने NH-एक सय अर्चालिस AE को लागि छ लेनको सडक सुरुङ निर्माणलाई अनुमोदन गरेको छ। सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले आज नयाँ दिल्लीमा मिडियालाई जानकारी दिँदै, यो परियोजना छ हजार नौ सय उनत्तर करोड रुपैयाँभन्दा बढीको कुल पूँजीगत

लागतमा विकसित गरिने बताउनुभयो। उहाँले यो परियोजनाले पश्चिम र दक्षिण दिल्ली बीच छिटो सम्पर्क प्रदान गर्ने जानकारी दिनुभयो। BYTE ASHWINI VAISHNAV 1

श्री वैष्णवले सरकारले उत्तर प्रदेशको NH-चौतिसको पहुँच नियन्त्रित कानपुर-काबराई खण्डको निर्माणलाई पनि अनुमोदन गरेको जानकारी दिनुभयो।

## Arunachal Pradesh Flood

केन्द्रीय मन्त्री शिवराज सिंह चौहान र किरण रिजिजुले आफ्नो उच्चस्तरीय मूल्यांकन भ्रमणको दोस्रो दिन, अरुणाचल प्रदेशका मुख्यमन्त्री पेमा खान्डुसँग आज राज्यका बाढी प्रभावित क्षेत्रहरूको हवाई सर्वेक्षण गर्नुभयो। अचानक आएको बाढी र पहिरोले गाउँका बीस भन्दा बढी घरहरू डुबाउमा पारेको छ। केन्द्रीय कृषि मन्त्री शिवराज सिंह चौहानले घरहरू नष्ट भएका विस्थापित गाउँलेहरूसँग अन्तरक्रिया गर्नुभयो। उहाँले केन्द्र सरकारबाट व्यापक आर्थिक र संरचनात्मक सहयोगको वाचा गर्नुका साथै, राज्य प्रशासनसँग नजिकको समन्वयमा राहत कार्यहरू सञ्चालन गर्नुभयो। अहिलेसम्म राज्यमा मृत्यु हुनेको संख्या चार पुगेको छ भने एक्काइस जना घाइते भएका छन्, जहाँ लगभग सबै अठाइस जिल्लाहरूमा लगभग नब्बे हजार मानिसहरू प्रभावित भएका छन्।

## National Doctors Day

जनस्वास्थ्यको रक्षा र सुधारमा डाक्टरहरूको समर्पण, करुणा र अमूल्य योगदानको सम्मान गर्न आज राष्ट्रिय डाक्टर दिवस मनाइँदैछ। भारतका सबैभन्दा सम्मानित चिकित्सकहरू मध्ये एक डा. विधानचन्द्र रोयको जन्म र पुण्यतिथिको सम्झनामा प्रत्येक वर्ष जुलाई एक मा यो दिवस मनाइन्छ। उपराष्ट्रपति सीपी राधाकृष्णन र प्रधानमन्त्री नरेन्द्र मोदीले यस अवसरमा देशभरका डाक्टरहरूलाई शुभकामना दिनुभएको छ। केन्द्रीय स्वास्थ्य मन्त्री जगत प्रकाश नड्डाले पनि चिकित्सा समुदायलाई उनीहरूको अटल समर्पणको लागि शुभकामना दिनुभएको छ।

## Cricket

पुरुष क्रिकेटमा, भारतले आज चेस्टर-ले-स्ट्रिटको रिभरसाइड मैदानमा पाँच खेलको शृङ्खलाको पहिलो टी-ट्वेन्टी अन्तर्राष्ट्रियमा इङ्ल्यान्डसँग खेल्नेछ। खेल भारतीय समय अनुसार राति दस बजे सुरु हुनेछ। यसैबीच, दोस्रो टी-ट्वेन्टी खेल शनिबार म्यानचेस्टरमा खेलिनेछ भने तेस्रो खेल जुलाई सातमा नटिङ्घममा हुनेछ। जुलाई एघारमा समाप्त हुने टी-

ट्वेन्टी शृङ्खलाका अन्तिम दुई खेलहरू ब्रिस्टल र साउथह्याम्प्टनले आयोजना गर्नेछन्। यसपछि, भारतले तीन खेलको एकदिवसीय शृङ्खलामा इङ्ल्यान्डको सामना गर्नेछ।

FIFA

फिफा विश्वकपको खेलमा आज राति एटलान्टामा, इङ्गल्याण्डले डेमोक्रेटिक रिपब्लिक अफ कंगोसँग प्रतिस्पर्धा गर्नेछ। अन्य खेलहरूमा बेल्जियमले सेनेगलसँग प्रतिस्पर्धा गर्नेछ भने अमेरिकाले बोस्निया र हर्जगोभिनाको सामना गर्नेछ।